# धनगढी घोषणा-पत्र

## १९ मंसिर, २०७५

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको समन्वयमा भूमि व्यवस्था तथा अभिलेख विभाग र नापी विभागले कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका धनगढीमा मिति २०७५ मंसिर १८ देखि १९ गतेसम्म सुदुरपश्चिम प्रदेश वार्षिक समिक्षा गोष्ठी सञ्चालन गरी धनगढी घोषणा-पत्र २०७५ जारी गरियो । यस गोष्ठीमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री माननीय पद्मा कुमारी अर्यालज्यू, सुदुर पश्चिम प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मन्त्रीज्यू, प्रदेश सचिवज्यू, स्थानीय सरकारका प्रमुखज्यूहरु, कैलाली जिल्लाका माननीय सासंदज्यू, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिवज्यू, सह-सचिव, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक, नापी विभागका महानिर्देशक, सुदुर पश्चिम प्रदेश स्थित सम्पूर्ण नापी कार्यालयहरु, विशेष नापी कार्यालय अछाम, भूमिसुधार तथा मालपोत कार्यालयहरु मालपोत कार्यालयहरु, कमैया हलिया पुनःस्थापना सम्बन्धित कार्य भएका क्षेत्रका भूमिसुधार तथा मालपोत कार्यालयहरु र मालपोत कार्यालयहरुका प्रमुखहरु भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागबाट प्रतिनिधित्व गरी सहभागी भएका कर्मचारीहरु समेतको समुपस्थितिमा उद्घाटन भएको थियो । दुई दिवसीय उक्त गोष्ठी मार्फत भूमि प्रशासनका सम्बन्धमा तपशिल बमोजिमको प्रतिबद्वता व्यक्त गर्दै यो धनगढी घोषणा-पत्र जारी गरेका छौ ।

१. भूमि प्रशासनसँग सम्बन्धित सस्याहरु समाधान गर्न विद्यमान जनशक्तिको अधिकतम परिचालन गरी सार्वजनिक सेवालाई प्रभावकारी बनाउने ।

२. जग्गा प्रशासनको अभिलेखलाई आधुनिक तवरले व्यवस्थापन गरी संरक्षण गर्न प्रदेश सरकारको सहयोग लिई भूमि लगत तथा अभिलेख सुदृढीकरण कोष स्थापना तथा कार्यान्वयन गर्न पहल गर्ने ।

३. जग्गा प्रशासनलाई प्रविधी मैत्री बनाई Online बाट सेवा प्रवाह गर्ने ।

४ सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाहरुको संरक्षण गर्न कार्यालय प्रमुख तथा कर्मचारीहरुले विशेष ध्यान दिने ।

५. कार्यबोझका आधारमा कर्मचारी व्यवस्थापन गर्ने ।

६. मुक्त कमैयाहरुलाई बाटोको सार्वजनिक जग्गा उपलब्ध गराईएको कारण उब्जिएको समस्या हल गर्न मन्त्रालयले आवश्यक नीतिगत तथा कानूनी पहल गर्ने ।

७. मुक्त कमैया हलिया पुनःस्थापन सम्बन्धी कार्यक्रमलाई यस आ.व. मा सम्पन्न गर्ने ।

८. विशेष नापी कार्यालय अछामबाट सम्पादन भै रहेको अछाम जिल्लाको **नक्शा, श्रेस्ता** पुनःस्थापना कार्य यसै वर्ष सम्पन्न गर्ने ।

९. कित्ता एकीकरण, टायल चेक, हालसाविक जस्ता विषयमा एकिकृत निर्देशिका **तथा कार्यविधि** तर्जुमा गरी लागू गर्ने ।

१०. सेवा प्रवाहलाई व्यवस्थित गर्न फ्लोर्चार्ट लगायतका आवश्यक सम्पूर्ण कार्य गर्ने ।

११. सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाहरुको विवरण अद्यावधिक गर्ने ।

१२. असल अभ्यासको पहिचान गरी सोको अवलम्वनमा विशेष जोड दिने ।

१३. कर्मचारीको क्षमता तथा दक्षता अभिबृदिका लागि OJT, अध्ययन भ्रमण तथा **एक्सपोजर** भ्रमणको व्यवस्था गर्ने ।

१४. सबै कार्यालयहरुमा चालु आ.व. भित्र टोकन प्रणालीको शुरुवात गर्ने ।

१५. जीर्ण रहेका श्रेस्ता तथा नक्साहरुलाई व्यवस्थित रुपमा संरक्षण गर्ने ।

१६. यो घोषणा-पत्र कार्यान्वयन गर्न सम्बन्धित विभाग तथा कार्यालयहरुले कार्ययोजना **बनाई** कार्य गर्ने ।